# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३८) काठमाडौं, भदौ ५ गते २०४५ साल (अतिरिक्ताङ्क २८(घ)

## भाग ३

श्री ५ को सरकार

### गृह मन्त्रालयको सूचना

श्री ५ को सरकारले दैवी प्रकोप उद्धार ऐन, २०३९ को दफा ५ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी देहायबमोजिमको केन्द्रीय उद्धार समिति गठन गरी सो केन्द्रीय समितिको कार्यविधि देहायबमोजिम तोकेको छ ।

**केन्द्रीय समितिको गठनः—**

(क) गृह मन्त्री — अध्यक्ष

(ख) स्वास्थ्य मन्त्री — सदस्य

(ग) अर्थ मन्त्री — सदस्य

(घ) आपूर्ति मन्त्री — सदस्य

(ङ) रक्षा मन्त्री — सदस्य

(च) ऐनको दफा ५ को उपदफा (२) को खण्ड (च) अनुसार परोपकारी तथा सामाजिक संस्थाबाट श्री ५ को सरकारबाट मनोनीत व्यक्तिहरू तीनजनाः—

(१) सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद्को प्रतिनिधि — सदस्य

(२) नेपाल रेडक्रसको प्रतिनिधि — सदस्य

(३) नेपाल स्काउटको प्रतिनिधि — सदस्य



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(छ) ऐनको दफा ५ को उपदफा (२) को खण्ड (छ) अनुसार श्री ५ को सरकारबाट मनोनीत अन्य व्यक्तिहरू पाँच जनाः–

(१) परराष्ट्र मन्त्री – सदस्य

(२) आवास तथा भौतिक योजना मन्त्री – सदस्य

(३) पञ्चायत नीति तथा जाँचबुझ समितिको सदस्य – सदस्य

(४) बलाधिकृत उपरथी, शाही नेपाली जंगी अड्डा – सदस्य

(५) प्रहरी अतिरिक्त महानिरीक्षक – सदस्य

केन्द्रीय समितिको कार्यविधिः–

बैठकः–

(क) केन्द्रीय समितिको बैठक अध्यक्षले तोकेअनुसार बस्नेछ ।

(ख) केन्द्रीय समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र अध्यक्षको अनुपस्थितिमा केन्द्रीय समितिका सदस्यहरूले आफूमध्येबाट छानेको व्यक्तिले गर्नेछ ।

(ग) केन्द्रीय समितिको कुल सदस्य संख्याको एक तिहाई सदस्यहरू उपस्थित भएमा केन्द्रीय समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(घ) केन्द्रीय समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णयात्मक मत दिनेछ ।

(ङ) केन्द्रीय समितिको निर्णय अध्यक्षबाट प्रमाणित गरिनेछ ।

केन्द्रीय समितिका सदस्यहरूको कार्य अवधिः–

पदेन सदस्यहरूबाहेक श्री ५ को सरकारबाट मनोनीत सदस्यहरूको कार्य अवधि ४ (चार) वर्षको हुनेछ ।

केन्द्रीय समितिको सचिवालयः–

केन्द्रीय समितिको सचिवालय गृह मन्त्रालयमा रहनेछ ।

खर्चको व्यवस्थाः–

दैवी प्रकोप केन्द्रीय सहायता कोषबाट उद्धार कार्यको लागि खर्च गर्दा देहाय बमोजिम गरिनेछ ।

(१) अधिराज्यका कुनै भागमा ठूलो दैवी प्रकोपको घटना भई वृहत् रूपमा उद्धार कार्य संचालन गर्नु परेको अवस्थामा केन्द्रीय समितिको बैठक सकभर चाँडो बोलाएर केन्द्रीय समितिको निर्णयबमोजिम खर्च गरिनेछ ।

36C

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर केन्द्रीय समितिको बैठक बोलाएरमात्र खर्च गर्न समयले नभ्याउने भएमा उद्धार कार्यको लागि अध्यक्षको आदेशबाट खर्च गर्न सकिनेछ। सोबमोजिम भएको खर्च १ महीनाभित्र केन्द्रीय समितिको बैठकमा पेश गर्नु पर्नेछ।

(२) सामान्य अवस्थामा सानातिना दैवी प्रकोपका घटना भएमा अञ्चल समिति वा जिल्ला समिति गठन भएको भए सोही समितिमार्फत् र उक्त समिति गठन नभएको भए पञ्चायतको सिफारिश र स्थानीय प्रशासनको प्रतिवेदनको आधारमा सम्बन्धित पञ्चायतका प्रतिनिधिको रायसमेत लिई अञ्चलाधीश वा प्रमुख जिल्ला अधिकारीले उद्धार कार्यमा खर्च गर्ने गरी केन्द्रीय समितिको सचिवालय रहने मन्त्रालयले निकाशा दिन सक्नेछ।

खण्ड ३४ मिति २०४१।१०।२२ संख्या ४२ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित दैवी प्रकोप केन्द्रीय उद्धार समिति गठनसम्बन्धी यस मन्त्रालयको सूचना खारेज गरिएको छ।

आज्ञाले,
पद्मराज सुवेदी
श्री ५ को सरकारको का. मु. सचिव

369



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण तथा प्रकाशन बिभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित।
मुद्रण विभाग, सिंहदरबार

मुद्रण विभाग, सिंहदरबार

350

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।